त्रिभुवन विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

## उप-प्राध्यापक पदको पदपूर्तिका लागि
## दरखास्त आव्हान सम्बन्धी सूचना-६
## (खुला प्रतियोगिता)

**सूचना प्रकाशन मितिः २०८२/०५/२३**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायहरूका लागि निम्न विषयका उप-प्राध्यापक पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट मिति २०८२ भाद्र २९ गतेदेखि मिति २०८२ कार्तिक १२ गते रातको ११:५९ बजेसम्ममा (दोब्बर दस्तुर तिरेर मिति २०८२ कार्तिक १९ गते रातको ११:५९ बजेसम्म) त्रि. वि. सेवा आयोगको वेवसाइट www.tusc.tu.edu.np मा अंकित Online Application वा सिधै https:// teachervacancy.tu.edu.np मार्फत अनलाइन दरखास्त आव्हान गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन।

| पदः उप-प्राध्यापक (खुला) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विज्ञापन नं. | विषय | जम्मा पद संख्या | खुला तथा समावेशी समूह तर्फका माग पद संख्या |
| १. | १२०३/०८१-०८२ | कानुन | ३३ | खुला १८, महिला ५, आ.ज.४, मधेशी ४, दलित १, पि.क्षे. १ |
| २. | १२०४/०८१-०८२ | जनप्रशासन | १ | खुला १ |
| ३. | १२०५/०८१-०८२ | व्यवस्थापन | ९१ | खुला ५०, महिला १४, आ.ज.११, मधेशी ८, दलित ४, अपाङ्ग २, पि.क्षे. २ |
| ४. | १२०६/०८१-०८२ | अंग्रेजी | १४ | खुला ७, महिला २, आ.ज.२, मधेशी २, पि.क्षे.१ |
| ५. | १२०७/०८१-०८२ | अन्तराष्ट्रिय सम्वन्ध | ३ | खुला २, महिला १ |
| ६. | १२०८/०८१-०८२ | अर्थशास्त्र | १८ | खुला १०, महिला ३, आ.ज.२, मधेशी १, अपाङ्ग १, पि.क्षे. १, |
| ७. | १२०९/०८१-०८२ | इतिहास | ४ | खुला २, आ.ज.१, मधेशी १ |
| ८. | १२१०/०८१-०८२ | कम्प्युटर एप्लिकेशन | १२ | खुला ७, महिला १, आ.ज.२, मधेशी १, दलित१ |
| ९. | १२११/०८१-०८२ | गृहविज्ञान | ४ | खुला २, महिला १, आ.ज.१ |
| १०. | १२१२/०८१-०८२ | ग्रामीण विकास | ६ | खुला ३, महिला १, आ.ज.१, दलित १ |
| ११. | १२१३/०८१-०८२ | चित्रकला | २ | खुला १, महिला १ |
| १२. | १२१४/०८१-०८२ | जनसंख्या अध्ययन | ५ | खुला ३, मधेशी १, दलित १ |
| १३. | १२१५/०८१-०८२ | तबला | १ | खुला १ |
| १४. | १२१६/०८१-०८२ | द्वन्द शान्ति र विकास | २ | खुला १, महिला १ |
| १५. | १२१७/०८१-०८२ | नृत्य | २ | खुला १, महिला १ |
| १६. | १२१८/०८१-०८२ | नेपाल भाषा | ३ | खुला १, महिला १, आ.ज.१ |
| १७. | १२१९/०८१-०८२ | नेपाली | १३ | खुला ८, महिला २, आ.ज.१, मधेशी १, अपाङ्ग १ |
| १८. | १२२०/०८१-०८२ | पत्रकारिता | ३ | खुला १, आ.ज.१, मधेशी १, |
| १९. | १२२१/०८१-०८२ | पुस्तकालय विज्ञान | २ | खुला १, महिला १ |
| २०. | १२२२/०८१-०८२ | बौद्ध अध्ययन | ३ | खुला २, महिला १ |
| २१. | १२२३/०८१-०८२ | भुगोल | ६ | खुला ३, आ.ज.१, मधेशी १, दलित १ |
| २२. | १२२४/०८१-०८२ | मनोविज्ञान | ७ | खुला ३, महिला १, आ.ज.१, मधेशी १, दलित १ |
| २३. | १२२५/०८१-०८२ | मानवशास्त्र | ३ | खुला १, महिला १, आ.ज.१ |
| २४. | १२२६/०८१-०८२ | मुर्तिकला | २ | खुला १, महिला १ |
| २५. | १२२७/०८१-०८२ | मैथिली | २ | खुला १, महिला १ |
| २६. | १२२८/०८१-०८२ | राजनीतिशास्त्र | ८ | खुला ४, महिला १, आ.ज.१, मधेशी १, दलित १ |
| २७. | १२२९/०८१-०८२ | लैङ्गिक अध्ययन | २ | खुला १, महिला १ |
| २८. | १२३०/०८१-०८२ | संगीत | २ | खुला १, आ.ज.१ |
| २९. | १२३१/०८१-०८२ | संस्कृति | ६ | खुला ३, आ.ज.१, मधेशी १, दलित १ |
| ३०. | १२३२/०८१-०८२ | समाजशास्त्र | ७ | खुला ३, महिला १, आ.ज.१, मधेशी १, अपाङ्ग १ |
| ३१. | १२३३/०८१-०८२ | सामाजिक कार्य | २ | खुला १, आ.ज.१ |
| ३२. | १२३४/०८१-०८२ | अंग्रेजी शिक्षा | ८ | खुला ४, महिला १, आ.ज.१, मधेशी १, अपाङ्ग १ |
| ३३. | १२३५/०८१-०८२ | अर्थशास्त्र शिक्षा | ३ | खुला २, मधेशी १ |
| ३४. | १२३६/०८१-०८२ | इतिहास शिक्षा | १ | महिला १ |
| ३५. | १२३७/०८१-०८२ | गणित शिक्षा | ७ | खुला ४, महिला १, आ.ज.१, मधेशी १ |
| ३६. | १२३८/०८१-०८२ | जनसंख्या शिक्षा | २ | खुला १, महिला १ |
| ३७. | १२३९/०८१-०८२ | नेपाली शिक्षा | १० | खुला ६, महिला २, आ.ज.१, मधेशी १ |
| ३८. | १२४०/०८१-०८२ | पाठ्यक्रम तथा मुल्यांकन | ४ | खुला २, आ.ज.१, मधेशी १ |
| ३९. | १२४१/०८१-०८२ | राजनीतिशास्त्र शिक्षा | ४ | खुला २, महिला १, आ.ज.१ |
| ४०. | १२४२/०८१-०८२ | विज्ञान शिक्षा | ६ | खुला ४, मधेशी १, दलित १ |
| ४१. | १२४३/०८१-०८२ | विशेष आवश्यकता शिक्षा | १ | खुला १ |
| ४२. | १२४४/०८१-०८२ | शारिरीक शिक्षा | ५ | खुला ३, आ.ज.१, मधेशी १ |

| | | | | |
|---|---|---|---|---|
| ४३. | १२४५/०८१-०८२ | शिक्षाको आधार | ८ | खुला ४, महिला १, आ.ज.१, मधेशी १, अपाङ्ग १ |
| ४४. | १२४६/०८१-०८२ | शैक्षिक योजना तथा व्यवस्थापन | ४ | खुला २, मधेशी १, दलित १ |
| ४५. | १२४७/०८१-०८२ | सामाजिक अध्ययन | ५ | खुला २, महिला १, आ.ज.१, मधेशी १ |
| ४६. | १२४८/०८१-०८२ | सूचना प्रविधि शिक्षा | ५ | खुला ३, मधेशी १, दलित १ |
| ४७. | १२४९/०८१-०८२ | स्वास्थ्य शिक्षा | ६ | खुला ३, महिला १, मधेशी १, दलित १ |

**द्रष्टव्यः**

१. **विज्ञापन सम्बन्धी विशेष सूचनाः-** सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण आदेश बमोजिम जारि हुने संघीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण भए बमोजिम हुने गरी हाललाई त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० बमोजिम विज्ञापनको सूचना प्रकाशन गरिएको छ ।

२. **आवेदन दस्तुरः** उपप्राध्यापक पदका लागि रू. ३०००।– आवेदन दस्तुर अनलाईन प्रणाली मार्फत बुझाउनुपर्नेछ। समावेशी समूहमा समेत आवेदन दिने उम्मेदवारलाई प्रति थप समूह बापत २० प्रतिशत थप शुल्क लाग्ने छ । एकपटक बुझाई सकेको दस्तुर फिर्ता हुनेछैन।

३. **न्यूनतम शैक्षिक योग्यताः** त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरी आवेदित पदसँग सम्बन्धित विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको वा त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

४. **उमेरः** विज्ञापन प्रकाशित भएको मितिसम्म ४५ वर्ष ननाघेको हुनुपर्ने छ।

५. पदपूर्ति सम्बन्धी **"त्रिवि शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७५(२०८१ माघ १४ गते सम्मको संशोधनसहित)** सेवा आयोगको वेवसाइटबाट डाउनलोड गर्न सकिने छ।

६. विज्ञापन प्रकाशन भएपछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिइने छैन।

७. आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमति (License) आवश्यक पर्ने भएमा वा आफ्नो पेशा व्यवशायसँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नु पर्ने भएमा सो को अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्ने छ।

८. निम्न कागाजातहरूका डिजिटल फाइल (pdf) अनलाईन फारमका साथ अपलोड गर्नुपर्ने छ।

(क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो

(ख) आधिकारीक हस्ताक्षर।

(ग) नेपाली नागरिकताको प्रमाणपत्र।

(घ) स्नातक तहदेखि माथिका सवै शैक्षिक योग्यताको लव्धाङ्कक पत्र र प्रमाणपत्रहरू, समकक्षता को प्रमाण–पत्र।

(ङ) व्यक्तिगत विवरण (वायोडाटा)।

(च) प्रकाशित अनसुन्धानात्मक कृतिहरू।

९. त्रि.वि. सेवा अनुभवका लागि शुरु नियुक्तिको पत्र, नियुक्ति नविकरण र कार्य अनुभवको प्रमाणित पत्र चाहिनेछ। आंशिक शिक्षकको रुपमा काम गरेको कुरा सम्बन्धित लेखा शाखा र प्रशासन शाखाबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ । आवेदकले अनुभवको अवधि, कार्यको विवरण र सो को प्रमाणबारे विनियमको अनुसूची ५ बमोजिमको स्वघोषणा पेस गर्नु पर्नेछ।

१०. त्रिभुवन विश्वविद्यालय वाहेक अन्य विश्वविद्यालयवाट प्राप्त गरेको शैक्षिक उपाधिको हकमा विश्वविद्यालयबाट मान्यता भएको स्तर निर्धारण गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ। अन्यथा आवेदन फारम स्वीकार गरिने छैन।

११. अनसुन्धानात्मक कृतिहरू अपलोड गर्दा जर्नलमा प्रकाशित लेख भए पूरा लेख सहित जर्नलको बाहिरी कभर देखि बिषय सूची सम्मका पेजहरू, र पुस्तक, अनुसन्धान प्रतिवेदन भए अगाडिको कभर पेज देखि बिषय सूचि सम्म र पछाडिको कभर पेज मात्र स्क्यान गरी pdf file अपलोड गर्न सकिने छ। अनुसन्धान प्रतिवेदनका साथमा प्रतिवेदन स्वीकृत भएको सक्कल पत्र समेत अपलोड गर्नुपर्ने छ।

१२. अनलाईनमा उपलब्ध हुने जर्नलको hard copy उपलब्ध नभएमा जर्नलको कभरपेज साथै सम्पादक मण्डल, ISSN, Publishing policy, बिषय सूचि आदि भएको पेज प्रिन्ट गरी लेखसंगै पेश गर्नुपर्ने छ।

१३. उम्मेदवारलाई लिखित परीक्षाको नतिजा प्रकाशति भएपछि मात्र सक्कल कृति बुझाउन सूचित गरिने छ ।

१४. अन्य जानकारीका लागि त्रिवि सेवा आयोगमा सम्पर्क गर्न सकिने छ।